*Siddhajyoti Interdisciplinary Journal (SIJ)*
Vol. III, January, 2022
(A Peer Reviewed Open Access Research Journal)
ISSN: 2645-8381
Published by Research Management Cell, Siddhajyoti Education Campus Sindhuli
https://www.nepjol.info/index.php/sij

# माध्यमिक तहमा शब्दार्थ शिक्षण विधिको उपयोग

**डा. कुश्मिला आचार्य**

**Article History**: ***Received:*** 30 June 2021; ***Reviewed:*** 30 November 2021; ***Accepted:*** 10 December 2021

**लेखसार**

*प्रस्तुत लेख माध्यमिक तहमा शब्दार्थ शिक्षण विधिको उपयोग शीर्षकमा केन्द्रित छ। नेपालको परिवेशमा नेपाली भाषा शिक्षणको शब्दभण्डार शिक्षण अन्तरगत रहेको शब्दार्थ शिक्षणको विषयवस्तुतिर लेख केन्द्रित छ । शब्दार्थलाई अर्थविज्ञानका दृष्टिले पहिचान गर्नु र माध्यमिक तहमा शब्दार्थ शिक्षणका विधिहरूको उपयोगिताको समीक्षा गर्नु प्रस्तुत लेखको उद्देश्य रहेको छ । अर्थविज्ञान अन्तरगतका अवधारणात्मक अर्थ, कोशीय अर्थ, व्याकरणात्मक अर्थ, साहचर्यात्मक अर्थ र प्रसङ्गार्थलाई शब्दार्थ शिक्षणका विविध तरिकासँग जोडेर प्रस्तुत गर्ने कार्य यसमा गरिएको छ। शब्दार्थ शिक्षणका विधिहरूमा पर्यायवाची शब्द दिने, शब्दको अर्थ दिने, परिभाषा दिने, विपरीतार्थक शब्द दिने, समावेश्य शब्दहरू प्रस्तुत गर्ने, वस्तु, चित्र वा प्रतिमूर्तिको उपयोग गर्ने, क्रिया वा हाउभाउ प्रदर्शन गर्ने, शब्दको व्युत्पत्ति वा शब्दनिर्माण गर्ने, शब्दको प्रयोग प्रसङ्गको व्याख्या गर्ने र वाक्यमा प्रयोग गर्ने विधिहरूको समीक्षा गरिएको छ । गुणात्मक विधिको उपयोग गरी विविध पुस्तक, लेख आदिका आधारमा अध्ययन पूरा गरिएको छ। माध्यमिक तहमा शब्दार्थ शिक्षण गर्नका लागि शब्दार्थ शिक्षणका तरिकाहरूले अर्थविज्ञानबाट आएका अर्थका प्रकारहरूसँग सम्बन्ध स्थापित सहज रूपमा गरेको निष्कर्ष निकालिएको छ। वाक्यमा प्रयोग नै शब्दार्थ शिक्षणको सर्वोपयुक्त विकल्प रहेको निर्क्योल गरिएको छ । अर्थविज्ञान र शब्दार्थ शिक्षणविधिप्रति रुचि राख्ने सम्पूर्ण विद्यार्थी, शिक्षक, अध्येता आदिलाई प्रस्तुत सामग्री उपयोगी रहने कुरामा विश्वस्त हुन सकिन्छ ।*

***मुख्य शब्दावली :*** अर्थविज्ञान, शब्दार्थ शिक्षण, कोशीय अर्थ, प्रसङ्गार्थ, शिक्षण विधि, माध्यमिक तह

## परिचय

वर्ण, रूप, शब्द, पद, पदावली, उपवाक्य र वाक्यहरूको एकीकृत रूपलाई भाषाका रूपमा चिनाउन सकिन्छ । यही एकीकृत रूपले सङ्कथनलाई जनाउँदछ । यस्ता सङ्कथनहरूले खास अर्थ सम्प्रेषण गर्ने कार्य गरेको हुन्छ। यही सङ्कथनभित्रका प्रत्येक संरचक अवयवहरूले अर्थको प्रकटीकरण गरेका हुन्छन् । भाषा शिक्षणको महत्वपूर्ण अङ्गको रूपमा रहेको शब्दभण्डार शिक्षणभित्र शब्दार्थ शिक्षण पर्दछ । रूपभन्दा ठुलो र पदावलीभन्दा सानो भाषिक एकाइ नै शब्द हो । यस्ता शब्दले कोशीय र सन्दर्भपरक अर्थ व्यक्त गरिरहेका हुन्छन् । शब्द हुनको लागि अर्थको आवश्यकता पर्दछ। अर्थ विनाको

*Copyright 2022 © Author(s) This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.*

शब्दको औचित्य रहन्न । त्यसकारण शब्दको मुटुको रूपमा अर्थलाई लिइन्छ ।

प्रस्तुत लेखमा माध्यमिक तह भन्नाले कक्षा ९-१२ लाई मानिएको छ। माध्यमिक तहमा शब्दार्थ शिक्षण भाषिक सिपहरूमा निपूण हुनका लागि आवश्यक हुन्छ। यसले विद्यार्थीहरूका सिर्जनशीलतालाई प्रस्फुटन गराउँछ। मौलिक अभिव्यक्ति क्षमतालाई ठोस रूपमा मूर्त रूप दिन शब्दार्थ शिक्षणको सर्वोपरि महत्व छ। भाषालाई अर्थयुक्त, सन्दर्भयुक्त तथा सम्प्रेषणयुक्त बनाउन शब्दले आधारभूत भूमिका खेलेको हुन्छ। अर्थयुक्त शब्दविना त्यसभन्दा माथिल्ला भाषिक एकाइहरू नबन्ने भएकाले शब्दगत आधार भाषाको प्राण हो भने पनि फरक पर्दैन (शर्मा र पौडेल, २०६७, पृ. १९७)। त्यसकारण माध्यमिक तहमा विद्यार्थीले जति धेरै शब्द जान्यो त्यति नै पोख्त बन्छ । विद्यालय तहको यो उच्च तह भएकाले आफ्ना धारणा, विचार, तर्क, प्रमाण आदिलाई सही रूपमा अभिव्यक्ति गर्नका लागि शब्दभण्डार अन्तरगतको शब्दार्थ शिक्षणले सहयोग गर्दछ ।

शब्दको अर्थलाई उपयुक्त रूपमा अध्ययन गर्ने भाषा विज्ञानको शास्त्र नै अर्थविज्ञान हो। भाषिक सिप शिक्षणमा अर्थविज्ञानका सिद्धान्तहरूलाई अगाडि बढाउन सकिन्छ। भाषिक रूपले वस्तु, भाव, घटना तथा अवस्थालाई सङ्केत गर्दछन् । भाषिक रूप अन्तरगतका नामिक रूपले वस्तु वा भावलाई सङ्केत गर्दछन् भने क्रियारूपले घटना वा अवस्थाको सङ्केत गर्दछन्। यसर्थ भाषिक रूपद्वारा सङ्केत गरिएका वस्तु, भाव, घटना तथा अवस्था नै अर्थ हुन् (गौतम र चौलागाईं, २०७०, पृ. २८५) । माध्यमिक तहमा यस्ता शब्दका अर्थले विद्यार्थीलाई भाषिक अवस्था पहिचान गरी प्रयोग गर्न सघाएका हुन्छन्। विद्यार्थीहरूले आधारभूत शब्दमा निपूणता प्राप्त गरी जटिल शब्दहरूलाई पनि आफ्नो परिवेश अनुसार प्रयोग गर्ने क्षमता यस समयमा वा तहमा राख्ने गर्दछन् । त्यसकारण विद्यार्थीहरूको इच्छा, चाहना, रुचि, उमेर, शिक्षण सिकाइको अवस्था आदिको आधारमा शब्दार्थ शिक्षणका विधि छनोट गरी शिक्षण गर्नु सान्दर्भिक हुन्छ ।

शब्दभण्डारभित्र विभिन्न अर्थले युक्त शब्दहरू रहेका हुन्छन् । शब्दहरू विविध प्रकारका हुन्छन् । बनोटका आधारमा मूल र व्युत्पन्न, स्रोतका आधारमा तत्सम, तद्भव र आगन्तुक; वर्गका आधारमा नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपात; कार्यका आधारमा विकारी तथा अविकारी र अर्थका आधारमा पर्यायवाची, विपरीतार्थी, अनेकार्थी, श्रुतिसमभिन्नार्थी, पारिभाषिक/प्राविधिक, सूक्ष्मवाची (क्षुद्रवाची), स्थूलवाची (ठुलो बुझाउने) आदि विभिन्न किसिमका शब्दहरू भाषामा रहेका हुन्छन्। त्यसैगरी मूर्त, अमूर्त सरल, जटिल, अनुकरणात्मक, संक्षिप्त, परिवर्णी, सक्रिय, निष्क्रिय, आधारभूत आदि शब्दहरू पनि रहेका छन् । यी सबै शब्दहरूको कोशीय अर्थ, अभिधात्मक अर्थ, लाक्षणिक र व्यञ्जनात्मक अर्थ (सन्दर्भपरक अर्थ) हुन सक्छन्। यी कुराहरूलाई विचार गर्न शब्दार्थ शिक्षण माध्यमिक तहमा गर्नु उपयुक्त हुन्छ। शब्दभण्डारअन्तरगत शब्दार्थ शिक्षण परे तापनि शब्दार्थ शिक्षण र शब्दभण्डार एउटै होइनन् । शब्दार्थले शब्दले व्यक्त गर्ने आशयलाई बुझाउँछ भने शब्दभण्डारले व्यक्ति वा विद्यार्थीमा सङ्गृहीत हुने शब्दगत क्षमतालाई बुझाउँछ ।

शब्दभण्डार क्षमताको विकास नभएमा शब्दार्थ क्षमता कमजोर हुन्छ भने शब्दार्थ क्षमता र त्यसको उपयुक्त प्रयोग क्षमता विकास नभएमा शब्दभण्डार क्षमताको कुनै अर्थ रहँदैन (शर्मा र पौडेल, २०६७, पृ. १९८) । तसर्थ शब्दभण्डार र शब्दार्थ शिक्षणको भिन्नता र अन्योन्याश्रित सम्बन्धलाई माध्यमिक शिक्षकले निर्क्योल गरी सोही अनुसारको विधि छनोट गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नु उपयुक्त हुन्छ ।

प्रस्तुत अध्ययन माध्यमिक तहमा शब्दार्थ शिक्षण विधिको उपयोगिता कस्तो रहन्छ भन्ने समस्याहरूमा केन्द्रित रहेको छ। यस अनुसन्धानमूलक लेखको प्रमुख उद्देश्य शब्दार्थलाई अर्थविज्ञानका दृष्टिले पहिचान गर्नु र माध्यमिक तहमा शब्दार्थ शिक्षण गर्दा शब्दार्थका प्रकारलाई जोडेर शिक्षण गर्ने अवस्थामा उपयोग गर्न सकिने विधिहरूको समीक्षा गर्नु रहेको छ। यही उद्देश्यको खोजीमा प्रस्तुत लेखको ढाँचा अगाडि बढेको छ।

## अध्ययनको विधि

प्रस्तुत अनुसन्धेय विषय गुणात्मक विधिमा आधारित छ। सामग्री सङ्कलनको प्राथमिक र द्वितीयक स्रोत मध्ये द्वितीयक स्रोतका सामग्रीको उपयोग गरिएको छ। पुस्तकालयको प्रयोग गरी विभिन्न सन्दर्भ पुस्तक, जर्नल, अनुसन्धानमूलक लेख, पत्रपत्रिका आदिको उपयोग गरी वर्णनात्मक र विश्लेषणात्मक रूपमा विश्लेष्य विषयको निष्कर्ष निकालिएको छ।

## सैद्धान्तिक ढाँचा र अवधारणात्मक ढाँचा

प्रस्तुत लेखको लागि अर्थविज्ञानका अर्थसम्बन्धी सम्बन्धहरूलाई सैद्धान्तिक अवधारणाका रूपमा लिइएको छ। भाषिक अर्थ (Meaning) को अध्ययन गर्ने विषयलाई अर्थविज्ञान (Semantics) भनिन्छ (बन्धु, २०७७, पृ. १२७)। गौतम र चौलागाई (२०७०, पृ. २८७) ले आफ्नो पुस्तकमा भाषाविद् अग्डेन र रिचर्डसले प्रस्तुत गरेका बाइस आधारमध्ये सात वटालाई लिई भाषाविद् लिच (सन् १९७४, पृ. ९-२३) ले व्यङ्ग्यार्थ (कन्नोटेटिभ मिनिङ), सामाजिक अर्थ (सोसियल मिनिङ), सांवेगिक अर्थ (एफेक्टिभ मिनिङ), लक्ष्यार्थ (रिफ्ल्याक्टि मिनिङ), साहचर्यात्मक अर्थ (कलेक्टिभ मिनिङ), समावेशात्मक अर्थ (एसोसियटिभ मिनिङ), अवधारणात्मक अर्थ (थिम्याटिक मिनिङ) गरी सात प्रकारका अर्थको उल्लेख गरेका कुरा उल्लेख गरेका छन्। अर्थका यिनै विविध प्रकारलाई यहाँ सैद्धान्तिक आधार मानेर यस लेखमा उदाहरणसहित चर्चा गरिएको छ। शब्दको अर्थलाई शिक्षण गर्ने क्रममा उपयोग गरिने विधिहरूलाई अर्थको प्रकारसँग तादात्म्यता कायम गरी लेखलाई निष्कर्षमा पुऱ्याइएको छ।

अर्थविज्ञानभित्र रहेका अर्थका प्रकारलाई शब्दार्थ शिक्षण गर्ने विधिसँग आलोचनात्मक सिद्धान्तका आधारमा समीक्षा गरिएको छ। अर्थविज्ञान अन्तरगतका अवधारणात्मक अर्थ, कोशीय अर्थ, व्याकरणात्मक अर्थ, साहचर्यात्मक अर्थ र प्रसङ्गार्थलाई शब्दार्थ शिक्षणका विधिहरू पर्यायवाची शब्द दिने, शब्दको अर्थ दिने, परिभाषा दिने, विपरीतार्थक शब्द दिने, समावेश्य शब्दहरू प्रस्तुत गर्ने, वस्तु, चित्र वा प्रतिमूर्तिको उपयोग गर्ने, क्रिया वा हाउभाउ प्रदर्शन गर्ने, शब्दको व्युत्पत्ति वा शब्दनिर्माण गर्ने, शब्दको प्रयोग प्रसङ्गको व्याख्या गर्ने र वाक्यमा प्रयोग गर्ने विधिहरूसँग जोड्ने कार्यलाई अवधारणात्मक ढाँचाका रूपमा समीक्षा गरिएको छ। यही समीक्षाका आधारमा विश्लेषण गर्दै निष्कर्षमा पुगिएको छ। यो नै यस लेखको अवधारणात्मक ढाँचा हो।

## परिणाम र छलफल

प्रस्तुत लेखको सैद्धान्तिक ढाँचा र अवधारणात्मक ढाँचालाई परिणाम र छलफलसँग तादात्म्यता कायम गरी निम्न अनुसार विश्लेषण गरिएको छ :

### अर्थविज्ञान

ध्वनिविज्ञान, वर्णविन्यास, रूपविज्ञान र वाक्यविज्ञान जस्तै अर्थविज्ञान पनि भाषाविज्ञानको एक महत्वपूर्ण शाखा हो। वास्तवमा अर्थको अध्ययन गर्ने भाषाविज्ञानको शाखा नै अर्थविज्ञान हो। यसले भाषाको अर्थ पक्षको वैज्ञानिक अध्ययन विश्लेषण गर्दछ। अर्थविज्ञान (Semantics) लाई ग्रीक भाषामा

'Sema' भनिन्छ जसको अर्थ सङ्केत (Sign/signal) हुन्छ (ओझा, २०६७, पृ. २३३) । सङ्कुचित अर्थमा यो अर्थ पक्षको अध्ययन गर्ने शास्त्र हो भने विस्तृत अर्थमा यो नाम वा वस्तु बिचको सम्बन्धलाई बुझाउने शास्त्र हो । जसले शब्दलाई अर्थमा परिवर्तन गर्ने काम गर्दछ । अर्थविज्ञानले भाषाको आत्माको रूपमा अर्थलाई मान्दछ । भाषालाई अर्थबाट अलग राख्दा यसको कुनै अस्तित्व नरहने हुनाले भाषाविज्ञानको अविभाज्य शाखाको रूपमा अर्थविज्ञान रहेको छ । भाषाका विविध एकाइहरूको अर्थगत सम्बन्ध देखाए जस्तै यसले शब्दको अर्थसम्बन्धी विस्तृत अध्ययन गर्दछ ।

अर्थविज्ञानको क्षेत्र व्यापक र विस्तृत छ । भाषिक अभिव्यक्तिको अर्थ रूपबाट सुरु भई सङ्कथनसम्म रहने भएकाले रूप, शब्द, पद, पदावली, उपवाक्य, वाक्य, अनुच्छेद र सङ्कथन अर्थविज्ञानका क्षेत्र हुन् ( गौतम र चौलागाई, २०७०, पृ. २८६) । रूप र रूपको संयोजन भई संरचनात्मक रूपमा शब्दको निर्माण भएजस्तै अर्थको पनि संयोजन हुँदै जान्छ । रूपले मूल अर्थको बहन गरेको हुन्छ भने शब्द र पदावलीले नामिक र क्रियात्मक अर्थ, उपवाक्य र वाक्यले आधारभूत अर्थ तथा सङ्कथनले पूर्ण सन्देशगत अर्थ बहन गरेका हुन्छन् (ऐ., पृ. २८६) । यसका साथै परिस्थिति र सन्दर्भको अर्थ पनि अर्थविज्ञानका क्षेत्रभित्र पर्दछन् । सङ्केतबाट पनि अर्थ बहन गरेको हुन्छ । सङ्केतले दिने अर्थको अध्ययन सङ्केत विज्ञान (सेमिओटिक्स) ले गर्ने हुनाले अर्थविज्ञानले सङ्केतबाट प्राप्त हुने अर्थको अध्ययन गर्दैन । प्रस्तुत लेखमा अर्थको सम्बन्धलाई सङ्केतबाट प्राप्त हुने अर्थलाई पनि समावेश गरिएको छ ।

**अर्थका प्रकार (Types of meaning)**

पूर्वीय र पाश्चात्य दुवै साहित्य र भाषाशास्त्रमा शब्द र अर्थसम्बन्धी गम्भीर विवेचना प्राचीन कालदेखि नै हुँदै आएको पाइन्छ । पूर्वीयहरूले अभिधेयार्थ, लक्ष्यार्थ र व्यङ्ग्यार्थ गरी तिन प्रकारले अर्थहरूको सङ्केत गर्न सकिने कुरा उल्लेख गरेका छन् । पाश्चात्य भाषाविद्हरूको मतलाई गौतम र चौलागाई (२०७०, पृ. २८७) ले आफ्नो पुस्तकमा निम्नानुसार उल्लेख गरेका छन् : भाषाविद् अग्डेन र रिचर्डसले अर्थको अर्थ (मिनिङ फर मिनिङ, सन् १९२३, पृ. १८६-१८७) नामक पुस्तकमा परिचयात्मक अभिलक्षण, घटना, सम्बन्ध, स्थान आदि अर्थ निर्धारणका बाइस वटा आधार प्रस्तुत गरेका छन् । अग्डेन र रिचर्डसले प्रस्तुत गरेका बाइस आधारमध्ये सात वटालाई लिई भाषाविद् लिच (सन् १९७४, पृ. ९-२३) ले व्यङ्ग्यार्थ (कन्नोटेटिभ मिनिङ), सामाजिक अर्थ (सोसियल मिनिङ), सांवेगिक अर्थ (एफेक्टिभ मिनिङ), लक्ष्यार्थ (रिफ्ल्याक्टि मिनिङ), साहचर्यात्मक अर्थ (कलेक्टिभ मिनिङ), समावेशात्मक अर्थ (एसोसियटिभ मिनिङ), अवधारणात्मक अर्थ (थिम्याटिक मिनिङ) गरी सात प्रकारका अर्थको उल्लेख गरेका छन् । प्रस्तुत लेखमा निम्न प्रकारका अर्थहरूको विश्लेषण गरिएको छ :

***अवधारणात्मक अर्थ (Conceptual meaning)***

कुनै वक्ता र सामाजिक परिस्थितिको अपेक्षा नगर्ने अवधारणात्मक अर्थलाई आधारभूत अर्थको रूपमा लिन सकिन्छ । शब्द सुनिसकेपछि त्यसको बारेमा बन्ने विम्बलाई धारणाका रूपमा लिइन्छ । आफैँमा पूर्ण हुने, स्वतन्त्र अर्थ दिने वाच्यार्थ वा अभिधेयार्थ नै धारणात्मक अर्थ हो । सङ्कुचित अर्थ (Intensive meaning) र विस्तारित अर्थ (Extensive meaning) गरी अवधारणात्मक अर्थ दुई किसिमको हुन्छ । यी दुई अर्थले अवधारणात्मक अर्थलाई स्पष्ट बनाउन सहयोग गर्दछन् ।

वक्ता वा स्रोताको मस्तिष्कको विम्ब वा उसको बुझाइलाई सङ्कुचित अर्थ भनिन्छ । वक्ताले 'मलाई कलम देऊ ।' भन्ने वाक्यको प्रयोग गर्दा वक्ता वा स्रोता दुवैको मस्तिष्कमा विम्ब बनेको हुनुपर्दछ

। वक्ता र स्रोतामा भएको पूर्व जानकारीले वक्ता वा स्रोतामा विम्ब बन्नका लागि सहयोग गरेको हुन्छ। भाषिक संसारमा मात्र सीमित नरही वास्तविक संसारका वस्तुसँग सम्बन्धित हुने अर्थ विस्तारित अर्थ हो (गौतम र चौलागाई, २०७०, पृ. २८८)। 'मलाई कलम देऊ।' भन्ने वाक्य प्रयोग गर्दा वास्तविक वस्तुको रूपमा बुझिने 'कलम' नै उक्त शब्दको विस्तारित अर्थ हो। त्यसैले वक्ता वा स्रोताको मस्तिष्कमा बनेको विम्ब वा उसको बुझाइ शब्दको सङ्कुचित अर्थ हो भने विस्तारित अर्थ वास्तविक कलम नै हो। यी दुबै अर्थले धारणात्मक अर्थ द्योतन गर्दछन्।

***कोशीय अर्थ* (Lexical meaning)**

शब्दकोशले बुझाउने वा कोशमा प्राप्त हुने अर्थ नै कोशीय अर्थ हो। कोशीय अर्थ अन्तरगत शब्दले सङ्केत गर्ने वस्तु, भाव, घटना र अवस्थालाई समेट्ने गर्दछ। पहिलो तहको सोझै व्यक्त हुने अभिधा शक्तिबाट निष्पन्न हुने, आलङ्कारिक भाषामा नभई सामान्य भाषामा प्रयोग हुने, अर्थ बुझ्न वक्ता वा स्रोताले कुनै मानसिक प्रयास गर्नु नपर्ने, शब्दकोशमा व्यवस्थित गरेको अर्थ नै कोशीय अर्थ हो। यो सन्दर्भपरक, व्याकरणिक अर्थभन्दा निकै सरल र व्यवस्थित हुन्छ। जस्तैः ओज - ना. [सं. ओजस] १. व्यक्तिको व्यक्तित्व बढाउने शक्ति, बल, प्रताप, तेज; स्फूर्ति। २. प्रकाश। ३. प्राणीलाई स्वस्थ राख्ने शारीरिक गुण। ४. काव्यको एक गुण (नेपाली बृहत् शब्दकोश, २०६७, पृ. १६५)। माथि उल्लिखित 'ओज' शब्दले कोशीय अर्थलाई जनाएको छ।

***व्याकरणात्मक अर्थ* (Grammatical meaning)**

कुनै पनि शब्द वा रूपले वाक्यीय संरचनामा आइसकेपछि प्रदान गर्ने अर्थ व्याकरणिक अर्थ हो। वाक्यीय संरचनामा प्रयोग हुँदा शब्दले सङ्केत गर्ने लिङ्ग, वचन, पुरुष, कारक, काल, पक्ष, भाव आदि व्याकरणिक अर्थ हुन्। नेपाली भाषामा 'र' ले संयोजकको, 'अथवा' ले विकल्पको र 'लाई' ले विभक्तिको काम गरेर आफ्नो व्याकरणिक अर्थ व्यक्त गर्दछन् (ओझा, २०६७, पृ. २३७)। वाक्यमा आएका प्रत्येक शब्दले कोशीय अर्थ व्यक्त गर्दागर्दै पनि वाक्यात्मक संरचनाका दृष्टिले ती अस्वीकार्य हुन्छन् र सही अर्थ द्योतन गर्न असमर्थ हुन्छन्। जस्तैः प्रहरीले डाकालाई समात्यो। डाकाले प्रहरीलाई समात्यो। यी दुई वाक्यमा प्रहरी र डाका शब्दको कोशीय अर्थ समान भए पनि वाक्यमा प्रयोग हुँदा फरक अर्थ व्यक्त गरेका छन्। पहिलो वाक्यमा प्रहरी कर्ता र डाका कर्म र दोस्रो वाक्यमा डाका कर्ता र प्रहरी कर्मका रूपमा आएर भिन्न भिन्न व्याकरणिक अर्थ व्यक्त गरेका छन्। भाषाविद् नोम चम्स्कीले यस्ता वाक्यलाई चयनात्मक प्रतिबन्धन (सेलेक्टसनल रिस्ट्रिक्सन) मानेका छन्। चयनात्मक प्रतिबन्धनले क्रियाले सबै खालका पद लिन नसक्ने अवस्थालाई जनाउँदछ। वाक्यविज्ञानले यस्ता खालका व्याकरणिक अर्थको विश्लेषण गरेको हुन्छ।

***साहयचर्यात्मक अर्थ* (Collocational meaning)**

सहचर शब्दको अर्थ सँगै रहने भन्ने हुन्छ। त्यसैले जुन शब्दको अर्थ अन्य शब्दको सह उपस्थितिका आधारमा निर्धारित हुन्छ त्यसलाई साहचर्यात्मक अर्थ भनिन्छ। कतिपय समानार्थी शब्दहरू एउटा शब्दसँग जसरी आउन सक्छन् अर्कोसँग सक्दैनन् (गौतम र चौलागाई, २०७०, पृ. २९०)। जस्तैः स्त्रीलाई बुझाउने नारी र अवला शब्द एकै ठाउँमा समान रूपमा प्रयोग हुन सक्छ। 'विदुषी नारी' को प्रयोग हुन सक्छ तर 'विदुषी अवला' को प्रयोग हुन सक्दैन। पाश्चात्य भाषाविद् जे.आर. फर्थद्वारा प्रयोग व्यवहारमा ल्याइएको यस अर्थले सामान्यार्थका दृष्टिले समान र पर्यायवाची झैँ लाग्ने तर अर्को शब्दसँग प्रयोगमा निर्भर भएर अर्थ दिने गर्दछ भन्ने कुराका आधारमा यसलाई विश्लेषण गरेका छन्। माध्यमिक

तहमा शब्दलाई विविध कोणबाट पहिचान गरेर वाक्यमा प्रयोग गर्न यस अर्थको महत्त्वपूर्ण स्थान रहने देखिन्छ ।

***प्रसङ्गार्थ (Contextual meaning)***

सन्दर्भपरक अर्थ, प्रासङ्गिक वा पृष्ठभूमिगत अर्थका नामले परिचित प्रसङ्गार्थले पूर्व सूचना अनुसार वक्ता र श्रोताले भनिसकेका सङ्केतात्मक कुराका आधारमा अर्थ प्रकट गर्दछ । सन्दर्भ अर्थात् स्थान, समय, घटना, अवस्था आदिका आधारमा निर्धारित हुने कुनै भाषिक एकाइको अर्थलाई सन्दर्भार्थ भनिन्छ (शर्मा र लुइटेल, २०६०, पृ. २१८) । जस्तैः 'यो गाई हो ।' भन्ने वाक्यमा प्रयुक्त 'गाई' शब्दले गाईलाई देखाएर भनेमा 'जनावर' विशेष हुन्छ तर मानिसलाई देखाएर भनेमा त्यही गाई शब्दको अर्थ 'सोझो', 'इमान्दार' भन्ने हुन्छ । त्यसकारण प्रसङ्गार्थले जहाँ र जस्तो परिवेशमा भाषिक एकाइ प्रयुक्त भएको छ त्यसैका आधारमा अर्थ द्योतन गर्दछ ।

माथि उल्लिखित अवधारणात्मक अर्थ, कोशीय अर्थ, व्याकरणात्मक अर्थ, साहचर्यात्मक अर्थ र प्रसङ्गार्थले कुनै पनि भाषिक एकाइको अर्थ स्पष्ट बनाउन सहयोग गरेका हुन्छन् । सङ्केतबाट पनि शब्दार्थ शिक्षण हुने पक्षलाई यसले समेट्दैन । यी बाहेक शब्दार्थ सम्बन्धमा समानार्थकता, विपरीतार्थकता, समावेशात्मकता, समध्वन्यात्मकता, अनेकार्थकता, असमावेशात्मकता, समरूपात्मकता जस्ता अर्थ सम्बन्धहरूका आधारमा पनि भाषिक एकाइका अर्थहरूको निर्क्योल गर्नुपर्ने हुन्छ ।

## माध्यमिक तहमा शब्दार्थ शिक्षणका विधिहरूको उपयोग

शिक्षण विधिले शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाई उद्देश्य प्राप्तिमा सहयोग गर्दछ । शब्दार्थ शिक्षणका विधिहरूलाई शिक्षणीय शब्दको प्रकृति हेरी भिन्न भिन्न तरिकाले उपयोगमा ल्याउनु पर्दछ । एउटै शब्दको शिक्षणमा पनि एकभन्दा बढी शिक्षण तरिकाहरूको उपयोग गर्न सकिएमा बेस हुन्छ भने भिन्न भिन्न प्रकृतिका शब्दहरूलाई तिनको प्रकृति अनुरूप भिन्नाभिन्नै तरिकाहरू अपनाउँदा शिक्षणमा अझ प्रभावकारिता बढ्ने कुरा निश्चित छ (अधिकारी, २०६९, पृ. ११४) । शब्दार्थ शिक्षण गराउनका लागि पाठ्यांशमा प्रयुक्त कठिन शब्दहरूको छनोट गराउने, उच्चारणको अभ्यास गराउने, सस्वरवाचन गराउन शब्दार्थ शिक्षण गर्ने आदि क्रम निर्धारण गर्नु आवश्यक हुन्छ । शब्दार्थ शिक्षण गर्दा शब्दको कोशीय अर्थ र सन्दर्भपरक अर्थ दुबै दृष्टिले शिक्षण गर्नु उपयुक्त हुन्छ । सकेसम्म शिक्षक केन्द्रित विधि भन्दा विद्यार्थी केन्द्रित विधिलाई शब्दार्थ शिक्षणसँग तादात्म्यता गरी शिक्षण गर्नु सर्वोपरि हुन्छ । यस्ता विधिहरूलाई निम्नानुसार विश्लेषण गर्न सकिन्छ :

### पर्यायवाची शब्द दिने

पाठ्यांशमा भएका शब्द सिकाउँदा कुनै पनि शब्दको समानार्थी खालको शब्द दिनु पर्यायवाची शब्द सिकाउने तरिका हो । शिक्षणीय शब्दका अपेक्षा एक समानार्थी वा पर्यायवाची शब्द शिक्षार्थीहरूले जाने सुनेको हुनु आवश्यक छ, अनि मात्र कुनै शब्दको पर्याय दिई सिकाइनाले शिक्षार्थीहरू आफ्नो पूर्वानुभवसँग नयाँ शब्दको अर्थलाई केही मात्रामा भए पनि जोड्न सक्षम हुन्छन् (अधिकारी, २०६९, पृ. ११४) । माध्यमिक तहमा शिक्षण गर्ने शिक्षकले सबै शब्दको ठ्याक्कै पर्याय पाउन कठिन हुने कुरालाई हेक्का राखी पर्यायवाची शब्द दिने शब्द सिकाउनु पर्दछ । जस्तैः 'जल' शब्दको पर्यायवाची शब्द 'पानी' भनेर प्रायोगिक रूपमा शिक्षण गर्नुपर्दछ । भाषाविज्ञानका विभिन्न अर्थका प्रकारमा यो अवधारणात्मक अर्थ अन्तरगत पर्दछ । यसको पर्याप्त अभ्यास गराएमा विद्यार्थीहरू शब्दार्थमा बढी पोख्त हसन सक्छन् ।

**शब्दको अर्थ दिने**

सिकाउने शब्दको अर्थ वा आशय बनाएर शब्दको अर्थ सिकाउने तरिका यसअन्तरगत पर्दछ। अर्थ सिकाउने शिक्षकले शिक्षणीय शब्द कुन शब्दवर्गको हो। सोही अनुरूपको वर्ग वा उपवर्गमा त्यसको अर्थ दिने गर्नु आवश्यक छ। उदाहरणार्थ, निःस्वार्थ शब्दको अर्थ 'स्वार्थ नहुनु' भनियो भने शिक्षार्थी उक्त शब्दको प्रयोगमा अलमलिन सक्छ र 'यसमा तिम्रो कुनै स्थार्थ छैन' भन्ने आशयमा पनि 'यसमा तिम्रो निःस्वार्थ छ।' जस्ता वाक्यको प्रयोग गर्नुपर्ने हुन्छ (अधिकारी, २०६९, पृ. ११५)। यस प्रकृतिको शब्दार्थ शिक्षण गर्ने तरिका भाषाविज्ञानको कोशीय अर्थ अन्तरगत पर्दछ। माध्यमिक तहमा यस तरिकाले शब्दार्थ शिक्षण गराउँदा विद्यार्थीहरूलाँई शब्दकोशको प्रयोग गर्नमा प्रोत्साहन गराउनु लाभदायक हुन्छ।

**परिभाषा दिने**

जुन शब्दको पर्याय पाउन कठिन हुन्छ, शाब्दिक वा व्युत्पत्तिगत अर्थ दिएर मात्र अर्थ स्पष्ट पार्न सकिँदैन, त्यस्तो खास विषय क्षेत्रका विशिष्ट अर्थका लागि प्रचलित शब्दको अर्थलाई परिभाषाद्वारा स्पष्ट पार्नुपर्ने हुन्छ। यस्ता शब्दलाई पारिभाषिक तथा प्राविधिक शब्द पनि भनिन्छ। जस्तैः ओजोन, वाष्पीकर ण, मूल्याङ्कन आदि शब्दहरू यस अन्तरगत पर्दछन्। शब्दको परिभाषा दिएर शब्दार्थ शिक्षण गर्ने तरि का कोशविज्ञानको कोशीय अर्थसँग बढी सामीप्यता राख्दछ। माध्यमिक तह आधारभूत शब्दावली सिक्ने माथिल्लो तह भएकाले यस्तो तरिकाबाट पनि शब्दार्थ शिक्षण गर्न सकिन्छ।

**विपरीतार्थ शब्द दिने**

जुन शब्दको अर्थ विपरीत शब्द दिएर स्पष्ट पार्न सकिन्छ, त्यस्ता शब्दको शब्दार्थ शिक्षण गर्ने तरिकालाई विपरीतार्थ शब्द दिने तरिका भनिन्छ। यस विधिबाट सबै शब्द शिक्षण  गर्न उपयुक्त हुँदैन। जस्तैः आकाश-पाताल, दिन-रात आदि जस्ता किसिमका शब्दको विपरीत अर्थ दिएर शिक्षण गर्न सकिन्छ। कतिपय शब्दहरूको ठ्याक्कै विपरीत अर्थ पाउन सकिँदैन। जस्तैः कालो शब्दको रातो, सेतो आदि विपरीत अर्थ हुन सक्छन्। यस्ता कुराहरूलाई ध्यान दिएर माध्यमिक तहमा शिक्षकले शब्दार्थ शिक्षण गर्नुपर्दछ। भाषाविज्ञानको अर्थको प्रकार अनुसार कोशीय अर्थसँग यो सम्बन्धित हुन्छ।

**समावेश्य शब्दहरू प्रस्तुत गर्ने**

जनावर शब्द सिकाउँदा यसभित्र समावेश हुन आउने गाई, गोरु, भैंसी, बाघ, भालु आदि जस्ता शब्दहरूको उल्लेख गरी शब्दार्थ शिक्षण गर्ने तरिका यसभित्र पर्दछ। केन्द्रिक वा आधारभूत प्रकृतिका यस्ता शब्दहरूको अर्थ शिक्षण गर्न ती शब्दहरूले आफूभित्र समेट्न सक्ने शब्दहरू दिएर अर्थ स्पष्ट पार्न सकिन्छ। जस्तैः फुलः गुराँस, गुलाब, गोदावरी, सयपत्री, फर्निचरः कुर्सी, टेबुल, बेञ्च, डेस्क, ...(शर्मा र पौडेल, २०६७, पृ. २०५)। भाषाविज्ञानको अर्थको कोशीय अर्थ अन्तरगत यस तरिका पर्दछ। माध्यमिक तहमा यस्तो तरिकाबाट शब्दार्थ शिक्षण गर्दा शब्दभण्डार वृद्धिका साथै विषयगत गहनता स्पष्ट पार्न सहयोग गर्दछ।

**वस्तु, चित्र वा प्रतिमूर्तिको उपयोग गर्ने**

विद्यार्थीहरूको पहुँच बाहिरका विभिन्न वस्तु तथा धारणाहरूको प्रतिनिधित्व गर्ने चित्र, वस्तु, प्रतिमूर्तिहरू कक्षाकोठामा ल्याई शब्दको अर्थ स्पष्ट पार्न सकिन्छ। विद्यार्थीहरूले यस तरिकामा दृश्यात्मक सन्दर्भ प्राप्त गर्ने हुनाले आर्थी धारणा चिरस्थायी प्रकृतिको हुन्छ। यस्तो वस्तु, चित्र, प्रतिमूर्तिको उपयोग गर्दा वास्तविक रूपमा ती कुराहरू चिनाउन गाह्रो पनि हुन सक्छ। ढकाल र खतिवडा (२०६८, पृ. १८२) ले यस कुरालाई पुष्टि गर्न जिराफ र कमिलाको चित्रको उदाहरण दिएका छन्। चित्रमा जिराफ र कमिला

उत्रै देखिए पनि वास्तविक रूपमा ती साम्य वस्तु होइनन् । तसर्थ यस्ता चित्र, वस्तु, प्रतिमूर्ति उपयोग गर्दा शिक्षक सचेष्ट हुनुपर्ने हुनुपर्ने कुरामा जोड दिनु आवश्यक हुन्छ । अर्थ विज्ञानले यस्तो तरिकालाई पूर्णतः समेटेको पाइँदैन । आधुनिक शब्दकोशमा चित्रहरूको पनि यथोचित प्रयोग हुन थालेकाले यसलाई कोशीय अर्थसँग राख्न सकिन्छ । माध्यमिक तहमा यो प्रयोगात्मक तरिकाले प्रयोग हुन सक्ने देखिन्छ । स्थानीय वस्तुको उपयोग गरी यस शिक्षणको तरिकालाई अझ व्यवस्थित र वैज्ञानिक बनाउन सकिन्छ ।

**क्रिया वा हाउभाउ प्रदर्शन गर्ने**

शब्दमा निहित कार्य, भाव वा अवस्थाको अनुकरण वा हाउभाउ देखाएर (अधिकारी, २०६९, पृ. ११६) शब्दार्थ शिक्षण गर्न सकिन्छ । अनुकरणात्मक वा क्रियावाचक शब्दहरू जस्तैः अनुसरण, अभिवादन, परिक्रमा, टोलाउनु, मुसुक्क आदि जस्ता शब्दहरू सिकाउन यो विधि निकै उपयोगी हुन्छ । भाषाविज्ञानको अर्थका प्रकारमा यस्ता कुरा समेटिएको छैन । सङ्केत दिने अर्थको अध्ययनका लागि भाषावैज्ञानिकहरूले सङ्केत विज्ञान (सेमिओटिक्स) को व्यवस्था गरेका छन् । यसैले अर्थविज्ञानले अभाषिक सङ्केतले प्रदान गर्ने अर्थको बारेमा अध्ययन गर्दैन (गौतम र चौलागाई, २०७०, पृ. २८७) । त्यसैले यस्तो शब्दार्थ शिक्षण गर्ने विधिलाई भाषाविज्ञानको अर्थका प्रकार अन्तरगत नसमेटी सङ्केत विज्ञान अन्तरगत समेटिएको पाइन्छ । माध्यमिक तहमा यो विधिबाट शब्दार्थ शिक्षण रोचक र दीर्घकालीन हुन सक्छ ।

**शब्दको व्युत्पत्ति तथा शब्द निर्माण गर्ने**

सर्ग (पूर्व र पर) प्रक्रिया, समास प्रक्रिया, द्वित्व प्रक्रिया, कर्तन प्रक्रिया, मिश्रण प्रक्रिया, सङ्क्षेप प्रक्रियाद्वारा शब्दको व्युत्पादन (शब्द निर्माण) हुन्छ (ढकाल, २०६२, पृ. २३३) । यस्ता प्रक्रियाबाट बनेका शब्दको विग्रह गरी व्युत्पादन प्रक्रिया देखाउँदा अर्थ बुझाउन सजिलो हुन्छ । त्यस्तै शब्द निर्माण गर्ने अभ्यासबाट पनि अर्थ सिकाउन सजिलो हुन्छ । जस्तैः 'इक' प्रत्यय लगाएर सामाजिक, राजनीतिक, पौराणिक आदि शब्द निर्माण गरेर शब्दार्थ शिक्षण गर्दा प्रभावकारी हुन्छ । भाषाविज्ञानको अर्थको प्रकारमा यो तरिका कोशीय अर्थभित्र पर्दछ । माध्यमिक तहमा यस प्रकारबाट शब्दार्थ शिक्षण गर्नु विद्यार्थीको हितमा हुन्छ ।

**शब्दको प्रयोग प्रसङ्गको व्याख्या गर्ने**

शब्दका विविध प्रसङ्गमा आउने बेग्लाबेग्लै अर्थलाई व्याख्या गरेर शब्दार्थ शिक्षण गर्ने तरिका यस अन्तरगत पर्दछ । एउटै शब्दको प्रयोगगत अवस्था अनुसार एकभन्दा बढी सन्दर्भपरक अर्थ हुन्छ । यसलाई लाक्षणिक अर्थको रूपमा पनि बुझ्न सकिन्छ । भाषाविज्ञानको अर्थका प्रकारमा यो तरिका प्रसङ्गार्थसँग सम्बन्धित छ । वाक्यमा प्रयोग गरिसकेको अवस्थाको शब्दको अर्थ बनाउने हुनाले यो व्याकरणात्मक अर्थसँग पनि नजिक छ । गौतम र चौलागाइँ (२०७०, पृ. २९२) काअनुसार सूर्य अस्तायो । वाक्यलाई वक्ताले पाँच बजेको समयमा कार्यालयमा भनेको हो भने यसको अर्थ 'अब घर जाऔँ' हुन्छ । यही वाक्य रातमा मदिरा पिउने बानी परेको व्यक्तिले भनेको हो भने यसको अर्थ 'अब मदिरा पिउने समय भयो' भन्ने हुन्छ । यही वाक्य नैष्ठिक ब्राह्मणले भनेको हो भने यसको अर्थ 'सायङ्कालीन पूजा पाठको समय भयो' भन्ने हुन्छ । यसरी गौतम र चौलागाई (२०७०) ले वक्ता, स्थान, समय र पूर्व सूचना अनुसार व्यक्त हुने अर्थलाई प्रसङ्गार्थको रूपमा व्याख्या गरेका छन् । विशिष्ट अर्थका लागि प्रयुक्त यस्ता शब्दहरूले अर्थमा विचित्रता थप्ने काम गर्न सक्छन् । त्यसकारण माध्यमिक तहमा यस्ता प्रयोग प्रसङ्गका व्याख्या गर्नुपर्ने शब्दका वा वाक्यको अधिकतम उपयोग गरी शब्दार्थ शिक्षण गर्नु उपयुक्त हुन्छ । साहचर्यात्मक अर्थलाई पनि यस तरिका अन्तरगत राख्न सकिन्छ ।

**वाक्यमा प्रयोग गर्ने**

पाठ्यांशमा दिएका शब्दका विविध तरिकाले शब्दार्थ बोध गराइसकेपछि ती शब्दहरूलाई मौलिक रूपमा वाक्यमा प्रयोग गराउन लगाउनुपर्दछ । जस्तैः घर शब्दलाई विविध सन्दर्भ र प्रसङ्ग अनुसार वाक्यमा प्रयोगको अभ्यास गराउन सकिन्छ । घर शब्दलाई द्वित्व शब्दका रूपमा घरैघर, एलु प्रत्यय लगाएर घरेलु शब्द निर्माण जस्ता शब्द निर्माण गर्न लगाएर प्रसस्त मात्रामा वाक्यमा प्रयोगको अभ्यास गराउनु उपयुक्त हुन्छ । यसबाट विद्यार्थीहरूमा शब्दलाई आफ्नो परिवेश अनुकूल उपयोग गर्न सक्ने शाब्दिक क्षमताको विकास हुन्छ । अतः शब्द सिकाउनु भनेको कुनै पनि शब्दको प्रासङ्गिक अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न सक्षम तुल्याउनु भएकाले शिक्षकले प्रत्येक नयाँ शब्दको वाक्यमा प्रयोग गर्न र गराउन जोड दिनुपर्छ (अधिकारी, २०६९, पृ. ११८) । विद्यार्थीलाई पाठ्यांशका शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउँदा शब्दहरूको अर्थलाई अझ बढी सबलीकरण गर्न सकिन्छ । त्यसकारण माध्यमिक तहमा यो अति नै महत्वपूर्ण शब्दार्थ शिक्षण विधि हो । भाषाविज्ञानको व्याकरणात्मक अर्थ र प्रसङ्गार्थसँग यस तरिकाले सम्बन्ध स्थापित गरेको हुन्छ ।

भाषाका चार सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइमा विद्यार्थीलाई सक्षम बनाउने आधारभूत क्रियाकलापलाई नै शब्दार्थ शिक्षणका रूपमा विश्लेषण गर्न सकिन्छ । माध्यमिक तहमा जुनसुकै प्रकृतिका शब्दलाई एकभन्दा बढी अर्थसँग सान्दर्भिक गरी शिक्षण गर्नु उपयोगी हुन्छ । आफ्नो परिवेश अनुकूल शब्दको अर्थ र वाक्यमा प्रयोग गराउनाले शब्दार्थ शिक्षण चिरस्थायी हुन्छ भन्ने कुरामा माध्यमिक तहका शिक्षक सदैव सचेत रहनुपर्दछ ।

## शब्दार्थ शिक्षणको आवश्यकता र महत्व

भाषाका आदानात्मक (सुनाइ, पढाइ) र प्रदानात्मक (बोलाइ, लेखाइ) सिपमा विद्यार्थीहरूलाई सक्षम बनाउन शब्दार्थ शिक्षणको आवश्यकता रहेको छ । ढकाल र खतिवडा (२०६८, पृ. १७५-१७६) ले माध्यमिक तहमा शब्दार्थ शिक्षणका आवश्यकता र महत्वलाई निम्न बुँदामा उल्लेख गरिएका छन् :

- विद्यार्थीहरूको विचार विनिमयको अवस्थालाई स्तरीय बनाउन ।
- शब्दको वाक्यात्मक भूमिका पहिल्याउन ।
- शब्दको प्रसङ्गपूर्ण प्रयोगमा अभ्यस्त गराउन ।
- भाषाका नवीन र पूरातन शब्दको समीचीन प्रयोगमा अभ्यस्त गराउन ।
- विषयानुसारी प्राविधिक र पारिभाषिक शब्दसँग परिचित गराउन र त्यसमा प्रवृत्त गराउन ।
- पर्यायवाची, विपरीतार्थी, समावेशी अर्थसँग परिचित गराई तिनीहरूको प्रयोगमा प्रवृत्त गराउन ।
- श्रुतिसमभिन्नार्थक प्रकृतिका शब्दका प्रासङ्गिक प्रयोगमा प्रवृत्त गराउन
- शब्दको रूपायनात्मक र व्युत्पादनात्मक स्वरूप खुट्याउन सक्ने तुल्याउने ।
- स्वाध्ययनप्रति रुचि जागरण गराउन ।
- व्यक्तिको व्यक्तित्व विकास गराउन ।
- त्रुटिपूर्ण प्रयोगलाई सच्याउन र भाषिक प्रयोगलाई स्तरीय बनाउन,
- साहित्यिक सिर्जनाको पृष्ठभूमि तयार गराउन ।
- शब्दभण्डारको विकास गराउन

शब्दार्थ शिक्षण माध्यमिक तहसम्म अनिवार्य आवश्यकताको रूपमा रहेको हुन्छ । उच्च शिक्षामा यो ऐच्छिक रूपमा रहन्छ अथवा शब्दार्थमा शिक्षार्थी आफैँ सचेत भएर लाग्नु पर्दछ । शब्दार्थ शिक्षणलाई व्यावहारिक र प्रयोगमूलक बनाउन शिक्षकले आगमनात्मक विधि उपयोग गर्नुका साथै विद्यार्थी केन्द्रित विधिहरूमा बढी जोड दिनु उपयुक्त हुन्छ । शिक्षकले आफूलाई सहजकर्ताको रूपमा प्रस्तुत गनुपर्दछ । यस्ता कार्यले विद्यार्थीहरूमा शब्दलाई विविध कोणबाट बोध गर्ने र सोहीअनुरूप प्रयोग गर्ने सामर्थ्यको विकास हुन्छ । त्यसकारण माध्यमिक तहमा भाषिक आदानात्मक र प्रदानात्मक भाषिक सिप विकासमा शब्दार्थ शिक्षणको आवश्यकता र महत्त्व रहेको छ ।

शब्दार्थ शिक्षण गर्दा प्रमुख रूपमा शब्दलाई विविध सन्दर्भ र प्रसङ्ग अनुसार वाक्य निर्माण गर्न लगाउनु पर्दछ । विविध सन्दर्भ र प्रसङ्गअनुसार वाक्यमा प्रयोग गर्दा विद्यार्थीहरूमा सिर्जनशीलता र उत्पादनशीलताको विकास हुन्छ । वाक्य रचना शिक्षण गर्नका लागि शिक्षणीय वाक्य ढाँचाहरूको पहिचान, प्रयोग सन्दर्भहरूको छनोट, प्रयोग सन्दर्भ अनुकूल वाक्यढाँचा रचनाको अभ्यास, निर्धारित वाक्य ढाँचा अनुरुप अनुच्छेद लेखन अभ्यास आदि कार्यकलापहरू सञ्चालन गर्नु उपयुक्त हुन्छ । यस कार्यले शक्दार्थ शिक्षणलाई प्रभावकारी र उपलब्धिमूलक बनाउन सहयोग गर्दछ ।

## निष्कर्ष

अर्थविज्ञानको सम्बन्ध शब्दको वैज्ञानिक अर्थ निर्धारणमा केन्द्रित छ । अर्थविज्ञानका विविध अर्थका प्रकारहरू अवधारणात्मक अर्थ, कोशीय अर्थ, व्याकरणात्मक अर्थ, साहचर्यात्मक अर्थ र प्रसङ्गार्थलाई शब्दार्थ शिक्षणका तरिकासँग समन्वय गर्दा यिनीहरूको सम्बन्ध अन्योन्याश्रित देखिन्छ । अर्थविज्ञान अन्तर गतका यी विविध अर्थका प्रकारहरूले शब्दार्थ शिक्षणमा सहयोगी भूमिका निर्वाह गरेको निष्कर्ष निकाल्न सकिन्छ । शब्दार्थ शिक्षण गर्ने विविध तरिकाहरूबाट माध्यमिक तहमा शब्दार्थ शिक्षण गर्दा शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी भई उद्देश्यपूर्ण सिकाइ हुने निर्क्योल गरिएको छ । विद्यार्थीहरूका पृष्ठभूमि र परि वेशअनुसार शब्दार्थ शिक्षण पर्याय, विपर्याय, अर्थ दिने, परिभाषा दिने, हाउभाउ प्रस्तुत गर्ने, समावेश्य शब्दको अर्थ दिने, प्रसङ्गानुसार व्याख्या गर्ने जस्ता तरिकाहरू पूरा गरिसकेपछि वाक्यमा प्रयोग अनिवार्य रूपमा गर्नुपर्ने हुन्छ । वाक्यमा प्रयोगले शब्दलाई जीवन्तता दिने र अर्थपूर्ण गराउने कार्य गर्दछ ।

अर्थ विज्ञानका अर्थका प्रकारहरूमध्ये साहचर्यात्मक अर्थलाई शब्दार्थ शिक्षणका तरिकाहरूसँग मेल गराउन कठिन रहेको देखिन्छ । कोशीय अर्थ, व्याकरणिक अर्थ, अवधारणात्मक अर्थ र प्रसङ्गार्थको शब्दार्थ शिक्षणका तरिकासँग सजिलै तालमेल भएको र यी अर्थका प्रकारले माध्यमिक तहमा शब्दार्थ शिक्षण गर्न सहज हुने निष्कर्ष निकालिएको छ । अर्थ विज्ञान बाहेक सङ्केत विज्ञानको सम्बन्ध शब्दार्थ शिक्षणसँग रहेको निर्क्योल गरिएको छ । यी कार्यहरूबाट माध्यमिक तहमा शब्दार्थ शिक्षण सरल, सहज, दीर्घकालीन, प्रयोगमूलक र व्यावहारिक भएको निष्कर्ष निकालिएको छ । यसबाट माध्यमिक तहमा शब्दार्थ शिक्षणका माथि उल्लिखित विधिहरू उपयोगी रहेको देखिन्छ । त्यसकारण अर्थविज्ञान अन्तर गतको अर्थका प्रकारहरूसँग शब्दार्थ शिक्षण विधिको उपयोग अर्थपूर्ण, व्यावहारिक र वैज्ञानिक देखिन्छ ।

## सन्दर्भसामग्री सूची

अधिकारी, हेमाङ्गराज (२०६९), *नेपाली भाषा शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ओझा, रामनाथ (२०६७), *सामान्य भाषाविज्ञान,* काठमाडौं : वाङ्मय प्रकाशन गृह ।

गौतम, देवीप्रसाद र चौलागाईं, प्रेमप्रसाद (२०७०) (दोस्रो सं.), *भाषाविज्ञान,* काठमाडौं : पाठ्य सामाग्री पसल ।

ढकाल, शान्तिप्रसाद (२०६२), *नेपाली भाषा शिक्षण : परिचय र प्रयोग,* काठमाडौँ : मनकामना बुक्स एन्ड स्टेसनरी ।

ढकाल, शान्तिप्रसाद र खतिवडा, तीर्थराज (२०६८), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : शुभकामना प्रकाशन ।

नेपाल प्रज्ञा प्रतिष्ठान (२०६७), *नेपाली बृहत् शब्दकोश,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

बन्धु, चूडामणि (२०७७), *भाषाविज्ञान (दसौं सं.),* ललितपुर : साझा प्रकाशन ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६७), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६०), *आधुनिक भाषाविज्ञान,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

## लेखक

**डा.कुश्मिला आचार्य**, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुरमा सह-प्राध्यापक पेशामा आबद्ध हुनुहुन्छ । आचार्यले मानविकी सङ्कायबाट नेपाली विषयमा विद्यावारिधि गर्नु भएको छ । हाल उहाँ शिक्षाशास्त्र सङ्काय, डीनको कार्यालयमा सहायक डीन पदमा कार्यरत हुनुहुन्छ। नेपाली भाषा, नेपाली भाषा शिक्षण, अनुसन्धान, भाषाविज्ञान र साहित्य आदि क्षेत्रमा उहाँको योगदान रहेको छ ।